# ललितपुर महानगरपालिका

## वार्षिक परीक्षा–२०८१

| | |
|---|---|
| कक्षा : ८ | पूर्णाङ्क : ५० |
| विषय : नेपाली | समय : २ घण्टा |

१. **दिइएको अर्थसँग मिल्ने शब्द खाली ठाउँमा लेख्नुहोस् :** (२)

धुजा दर्शनीय मिजास सवर्धन सम्भावित

(क) हेर्न लायक ......................

(ख) राम्ररी बढाउने काम ......................

(ग) शीलस्वभाव ......................

(घ) घर, दरबार आदिको माथिल्लो तलामा चारैतिर खुला हुने गरी बनाएको कोठा......

२. **खाली ठाउँमा मिल्दो शब्द राखी वाक्य पूरा गर्नुहोस् :** (२)

(क) 'साथी' को पर्यायवाची शब्द ........ हो । (असल, मित्र, अधैर्य)

(ख) 'सक्रिय' को विपरीतार्थी शब्द ....... हो । (निस्क्रिय, लज्जित, कर)

(ग) .......... श्रुतिसमभिन्नार्थी शब्द हुन् । (जाती-जाति, खेती-पानी, तरल-गरल)

(घ) 'तरकारी' को समावेश्य शब्द ........ हो । (जुनार, घिरौंला, मेवा)

३. **अर्थ खुल्ने गरी वाक्यमा प्रयोग गर्नुहोस् :** (२)

भूक्षय, खाने मुखलाई जुँगाले छेक्दैन

४. **शुद्ध शब्द छानेर लेख्नुहोस् :** (१)

(अ) शमस्या समष्या शमष्या समस्या

(आ) सबोंधन सम्बोंधन सङ्बोंधन सन्बोंधन

५. **दिइएको वाक्यलाई शुद्ध पारी लेख्नुहोस् :** (२)

हरेक बिहानीको सुर्योदयसगै राष्ट्रभक्ती भावनाका साथ केही गरू भन्ने चेतना ममा छ

६. **रेखाङ्कित शब्दको पदवर्ग छुट्याउनुहोस् :** (२)

एक दिन त गुलाफी खाना पकाउने समय भइसक्दा पनि आइनन् ।

७. **कोष्ठकमा दिइएको धातु र सङ्केतका सहायताले खाली ठाउँ भर्नुहोस् :** (२)

(क) बहिनी गीत ................ । (लेख् : अपूर्ण भविष्यत)

(ख) म सानोमा खुब काम ..................। (गर् : अभ्यस्त भूत)

(ग) भरे पानी .........................। (पर्: सम्भावनार्थ)

(घ) तिमी बजार.................... । (जा: आज्ञार्थ)

८. **दिइएका सङ्केतका आधारमा वाक्य परिवर्तन गर्नुहोस् :** (३)

(क) त्यो केटो मिहिनेती छ । (बहुवचन)

(ख) बुवाले मोटर हाक्नुभयो । (अकरण)

(ग) हरि उपन्यास लेख्छ । (कर्मवाच्य)

९. दिइएको अनुच्छेद पढी सोधिएका प्रश्नको उत्तर लेख्नुहोस् : (३)

बडिमालिका बाजुरा जिल्लामा अवस्थित धार्मिक तथा प्राकृतिक दुवै हिसाबले चर्चित स्थल हो । त्यहाँको बाटोघाटो पनि सुगम छ । बाजुरा जिल्लाको सदरमुकाम <u>मार्तडीबाट</u> तीन चार दिनको पैदल यात्रापश्चात् त्यहाँ पुग्न सकिन्छ । बडिमालिका प्रसिद्ध शक्तिपीठ हो । बडिमालिकाको दर्शन गर्नाले मनोकामना पूरा हुने जनविश्वास छ । त्यहाँबाट अपिसैपाल हिमशृङ्खलाको सुन्दर दृश्यका साथै कालिकोट मुगु, अछाम, जुम्ला हुम्ला आदि क्षेत्रका अग्ला अग्ला पहाड पनि देख्न सकिन्छ ।

**प्रश्नहरू:**

(क) अनुच्छेदबाट उपसर्ग लागेको र प्रत्यय लागेर बनेको एउटा शब्द पहिचान गरी लेख्नुहोस् ।

(ख) अनुच्छेदबाट द्वित्व भएर बनेको एउटा शब्द र एउटा समस्त शब्द पहिचान गरी लेख्नुहोस् ।

(ग) अनुच्छेदमा रेखाङ्कन गरिएको शब्दको कारक र विभक्ति पहिचान गरी त्यसको नाम लेख्नुहोस् ।

१०. दिइएको गद्यांश पढी सोधिएका प्रश्नको उत्तर लेख्नुहोस् : (४)

खेलकुदले मान्छेलाई हुर्कन, बढ्न र तन्दुरुस्त राख्न मदत गर्दछ । दौड मान्छेको लागि ठुलो औषधी नै हो । बिहानको दौडले असन्तुलित ढङ्गले मोटाएका मान्छेहरू छरिता भई जीवनयापन गर्न सफल भएका उदाहरण प्रशस्त पाइन्छन् । खेलकुदले मान्छेलाई निकै ठुलो फाइदा गर्छ । व्यक्तित्वको विकास गर्नेजस्ता राम्रा राम्रा फाइदाहरू खेलकुदबाट हुन्छ । खेलकुदले शरीर तथा दिमागलाई स्वच्छ राख्नुका साथै फुर्तिलो र जाँगरिलो बनाउँछ । त्यसकारण मानिसले अनेक प्रकारका खेलहरू खेल्नुपर्छ । खेलकुद र श्रममा पनि खासै फरक छैन । त्यसैले कठोर श्रम गर्ने किसानहरू स्वस्थ हुन्छन् । यिनीहरूका लागि व्यायामको आवश्यकता पर्दैन तर केवल मानसिक श्रमको भरमा जीवनयापन गर्नेहरूका लागि भने यो अत्यन्तै आवश्यक छ । त्यसकारण विद्यालयहरूमा केवल पढाउने काम मात्र नभई खेलकुद पनि अनिवार्य रूपमा समावेश रहनुपर्छ ।

**प्रश्नहरू:**

(क) बिहानको दौडले के काम गर्छ ?

(ख) खेलकुदबाट हुने फाइदाहरू के के हुन् ?

(ग) मजदुर किसानहरूलाई किन व्यायाम चाहिँदैन ?

(घ) विद्यालयमा खेलकुद अनिवार्य गर्नुपर्ने कारण के हो ?

११. दिइएको अनुच्छेदबाट चारओटा बुँदा टिपोट गरी एक तृतीयांशमा सारांश लेख्नुहोस्: (४)

मेरी हजुरआमा परिवारको भविष्य निर्माता नै हुनुहुन्छ । उहाँको ममता नपाएको भए म कस्तो हुन्थेँ होला । कति धेरै वात्सल्यको खानी छ उहाँमा । आँखामा राखे पनि नबिझाउने मेरी हजुरआमा ! अहिले निधारभरि चाउरी परेका रेखैरेखा

देखिन्छन् । गालासमेत भित्र पसिसकेका छन् । लट्ठी टेकेर हिँड्नुहुन्छ । कडा मिजास चाहिँ अझै बाँकी छ । यस उमेरमा पनि दिनहुँ खेतबारीसम्म पुगेर आउनुहुन्छ । उहाँका न कान बन्द छन् न त आँखामा चस्मा लगाउनुपर्ने अवस्था छ । (कोठामा यताउति घुम्दै) आफू त परिवारको कान्छो सदस्य मैले उपहार नै दिनुपर्छ भन्ने के छ र । भोलि पर्सि कमाउन थालेपछि दिउँला । ओहो ! म किन यसरी चिन्तित भएको हुँला ?

**१२. कुनै एक प्रश्नको उत्तर दिनुहोस् :** **(३)**

**(क) दिइएका बुँदाका आधारमा कथा तयार पारी शीर्षकसमेत राख्नुहोस् :**

एउटा ठूलो नदी............नदीमा गोही बस्नु ..............नदीको छेउमा एउटा ठुलो रुख ............ रुखमा बाँदर बस्नु ............ बाँदर र गोहीका बिचमा मित्रता हुनु ............ बाँदर दिनभर डुलेर मिठामिठा फलफूल लिएर आउनु ............ गोहीले पनि फलफूल खानु ............ फलफूल खान पाएपछि गोहीले यति मिठा फलफूल खाने बाँदरको मुटु कलेजो कति मिठो होला, त्यसको मुटु कलेजो खान पाए त भन्ने सोच्नु ............ गोहीले बाँदरको मुटु कलेजो खाने सोचले बाँदरलाई नदी घुमाउन लैजान्छु भन्नु .............. बाँदरलाई गोहीले तँलाई यहाँ घुमाउन ल्याएको होइन, तेरो मुटुकलेजो खान यहाँ ल्याएको हुँ भन्नु ............ बाँदरले तुरुन्त उपाय खोजी 'मुटु कलेजो उही रुखमा छोडेर आएँ, खाने भए उहाँ जाऔँ भन्नु .......... बाँदरलाई पहिलेकै ठाउँमा ल्याइपुऱ्याउनु ...........बाँदर हतपत रुख चढ्नु र अब खालास् मेरो मुटु कलेजो, तँजस्तो धोकेबाज कहिल्यै मेरो मित्र हुन सक्दैनस् भन्नु ..........साथीलाई धोका दिन नहुने सन्देश ।

**ख) 'स्वच्छ वातावरण' शीर्षकमा दुई जना साथीबिच हुने संवादको नमुना तयार पार्नुहोस् ।**

**१३. कुनै एक प्रश्नको उत्तर लेख्नुहोस् :** **(३)**

(क) विद्यालयमा स्वच्छ खानेपानीको व्यवस्था मिलाइदिन अनुरोध गर्दै प्रधानाध्यापकलाई एउटा निवेदन लेख्नुहोस् ।

(ख) कविता प्रतियोगितामा प्रथम भएका आफ्ना साथीलाई दिने बधाई पत्रको नमुना तयार पार्नुहोस् ।

**१४. कुनै एकको भावविस्तार गर्नुहोस् :** **(३)**

(क) उत्तरतिर हिउँचुलीको झन् बढ्ता खात र आलोक थियो ।

(ख) गाउँमा चर्किएका घरका भित्ताहरू
माटाले टालेर सुन्दर बनाउनु छ ।

**१५. तलको कथांश पढी सोधिएका प्रश्नको उत्तर लेख्नुहोस् :** **(४)**

डल्ले खोलामाथि एक दुईओटा काठ राखेको देखियो । आउने जानेले विश्वासको लामो सास फेरेर अब भने पुल बन्ने भयो । वर्षामासमा पनि सदरमुकाम पुग्न सकिने भयो । अब भने बाँचिने भयो । ती काठबाहेक त्यहाँ केही थपिएको देखिएन । अनि अर्को वर्षको भेलले ती काठ पनि त्यहाँबाट बगाइसकेको थियो ।

डल्ले खोला उस्तै भयो, जस्तै थियो । रनवहादुरका अवश्यकतालाई उसले पूरा गरिदियो र आफ्नै सुरले ऊ बगिरह्यो । उसको सपनाको पुलको लगत भयो । उसको सपनाको पुलको रकम निकासा भयो । र त्यो कहीँ कतै खर्च भयो र डल्ले खोलालाई लाग्यो, उसको फेरि एक पटक खिस्सी उडाइएको छ र ऊ व्यङ्ग्यबिद्ध नाङ्गो उभिएको छ ।

**प्रश्नहरू**

(क) डल्ले खोलामाथि आउने जानेले किन विश्वासको सास फेरे ?

(ख) भेल आएपछि डल्ले खोलाको अवस्था कस्तो भयो ?

(ग) रनवहादुरको आवश्यकतालाई डल्ले खोलाले कसरी पूरा गऱ्यो ?

(घ) यस कथांशको मूलभाव लेख्नुहोस् ?

**१६. कुनै एक प्रश्नको उत्तर लेख्नुहोस् :** **(५)**

(क) 'सहिदहरूको सम्झनामा' कविताको तलको अंश पढी सोधिएका प्रश्नको उत्तर दिनुहोस् :

ओठमा हाँसो गालामा लाली तब आउँछ जगतको
देशको पिरले भेटी जब वीरले चढाउँछ रगतको
घाँटीमा फाँसीको माला गाँसी वीरले हाँसता
मातृभूमिको चरण दोगी भाग्दछ दासता ।

**प्रश्न**

(अ) सहिदहरूको बलिदानको कारणले नै दासता अन्त्य भएको हो ? 'सहिदहरूको सम्झनामा' कविताको माथिको अंशलाई समेत आधार बनाएर समीक्षात्मक उत्तर लेख्नुहोस् ।

**(ख) दिइएको कथांश पढी समीक्षात्मक उत्तर लेख्नुहोस् ।**

जुजुमानको मानव देह चिताको खरानी भएर नाश भए पनि सङ्गमरमरको आकर्षक मूर्तिका रूपमा कृष्णावतार छोरो त कालान्तरसम्म रहिरहला । अब यही मूर्ति भाजुलालको अमर पुत्र हुन्छ ।

**प्रश्न**

(अ) कथांशका आधारमा 'मानिस मरेर गए पनि कला अमर रहन्छ' भन्ने कुरालाई पुष्टि गर्दै समीक्षात्मक उत्तर लेख्नुहोस् ।

**१७. कुनै एक शीर्षकमा १२५ शब्द नघटाई निबन्ध लेख्नुहोस् :** **(५)**

(क) पुस्तकालयको महत्त्व

(ख) जल सम्पदाको संरक्षण

(ग) मेरो रमाइलो यात्रा

***समाप्त***